# निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन

प्रस्तावनाः निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ।

२. निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधनः निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा-२ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

(ग) "निर्यात" भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी नेपालबाट विभिन्न मुलुकहरुमा गरिने मालसामानको निर्यात सम्झनु पर्छ र सो शब्दले भारतमा हुने निकासीको हकमा बैंकिङ्ग प्रणाली मार्फत भारतीय रुपैयाँ आर्जन हुने गरी गरिने निर्यातलाई समेत जनाउँछ ।

३. **मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ:-

३. निर्यातमा प्रोत्साहन उपलब्ध गराउनेः (१) नेपाल सरकारले अनुसूची-१ मा उल्लिखित वस्तु निर्यात गरेमा निर्यातकर्तालाई कूल निर्यात मूल्यमा पाँच प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तुहरु निर्यात गरेमा निर्यातकर्तालाई कूल निर्यात मूल्यमा तीन प्रतिशतले हुने रकम अनुदान स्वरूप उपलब्ध गराउने छ।

(२) उपदफा (१) अनुसारको अनुदान प्राप्त गर्न निर्यातकर्ताले निर्यात गरेको वस्तुको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा बैंकमा दाखिला भएको प्रमाण वा भारतमा हुने निकासीको हकमा बैंकिङ्ग प्रणालीको माध्यमबाट हुने आर्जित भारतीय मुद्रा वैंक दाखिला गरेको प्रमाण र भन्सार कार्यालयले मालवस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन-पत्र समेत पेश गर्नु पर्नेछ।

(३) नेपाल सरकारले राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको र मूल्य अभिबृद्धि कम्तीमा चालीस प्रतिशत भएको अनुसूची-२ बमोजिमको वस्तुको निर्यात गरेमा थप एक प्रतिशत अनुदान रकम उपलब्ध गराउनेछ।

(४) अनुसूची-१ मा उल्लिखित बस्तुहरुको उत्पादनमा दफा ४ को उपदफा (१) बमोजिमको सूत्रका आधारमा मूल्य अभिबृद्धि कम्तिमा पचास प्रतिशत र अनुसूची-२ मा उल्लिखित बस्तुहरुको उत्पादनमा मूल्य अभिबृद्धि कम्तिमा तीस प्रतिशत भएको हुनु पर्नेछ।

(५) अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धिको प्रमाणीकरण प्रत्येक आर्थिक वर्षको साउन महिना र माघ महिनामा पहिलो पटक निकासी गर्दा उद्योग विभागबाट



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गराउनुपर्नेछ। तर आर्थिक बर्ष २०७५/७६ को लागि सम्बन्धित निर्यातकर्ताले गरेको स्व-घोषणालाई नै मानिनेछ।

(६) उपदफा (४) बमोजिम मूल्य अभिबृद्धि गणना गर्दा अनुसूची-१ का वस्तुहरुको मूल्य अभिबृद्धि पचास प्रतिशत भन्दा कम भएमा कम भएको मूल्य अभिबृद्धि अनुरुप उपदफा (१) को अनुसूची-२ बमोजिमको दरमा वा उपदफा (३) बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ। त्यसैगरी अनुसूची-२ अन्तरगतका वस्तुहरुको मूल्य अभिबृद्धि पचास प्रतिशत वा सो भन्दा बढी भएमा उपदफा (१) को अनुसूची-१ बमोजिमको दरमा अनुदान रकम उपलब्ध गराइनेछ।

(७) निर्यातकर्ताले निर्यात गरे वापत पाउने अनुदान जुन आर्थिक बर्षमा निर्यात गरेको हो सोही आर्थिक बर्षको वासलातमा हिसाव देखाउनु पर्नेछ।

४. <u>मूल कार्यविधिको दफा ४ मा संशोधन</u>: मूल कार्यविधिको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

<u>४. निर्यात भएको वस्तुको प्रमाणीकरण गर्नु पर्ने:</u> (१) यस कार्यविधि बमोजिम मूल्य अभिबृद्धि गणना गर्दा देहायको सुत्रका आधारमा गरिने छ :-

$$\text{Value Addition} = \frac{\text{Export FOB Price} - \text{Value of Foreign Originated Material}}{\text{Export FOB Price}} \times 100$$

(२) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने वस्तुको सम्बन्धमा निर्यातकर्ताले दफा (३) र दफा (४) को उपदफा (१) मा उल्लिखित शर्त र अनुसूची-३ मा उल्लिखित स्व-घोषणाको प्रमाणिकरण सहितको अनुसूची-३ बमोजिमको विवरण मालवस्तु निर्यात गरेको महिना समाप्त भएको साठी दिन भित्र विभाग समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको विवरणका आधारमा विभागले त्यस्तो वस्तुको अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणीकरण गरी सोको जानकारी तीन दिनभित्र सम्बन्धित निर्यातकर्तालाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम पेश भएको विवरण लगायतका विषयहरुको सम्बन्धमा विभागले आवश्यकता अनुसार जोखिम समेतका आधारमा कम्तिमा पाँच प्रतिशत उद्योगको सम्बन्धित वस्तु उत्पादन हुने कारखाना वा उत्पादन स्थलको निरीक्षण गर्न वा त्यस्तो वस्तुको उत्पादन प्रकृया बारे आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा निर्यातकर्ताले दफा ४ को उपदफा (१) वा (२) बमोजिम पेश गरेको विवरण झुटा ठहरेमा प्रचलित कानुनमा व्यवस्था भएकोमा सो बमोजिम र उल्लेख नभएकोमा सो आर्थिक बर्षमा यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान रकम र सो अनुदान रकम बराबरको थप जरिवाना असुल गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

५. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) र (च) थप गरिएको छः-

(ङ) अनुसूची-३ बमोजिम विभागबाट प्रमाणित विवरण

(च) भारतमा निकासी हुनेको हकमा भन्सार कार्यालयले मालवस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन-पत्रको प्रति

६. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को उपदफा(४) को सट्टा देहायको उपदफा(४) राखिएको छः-

(४) बैंकले उपदफा (३) बमोजिम निर्यातकर्तालाई प्रत्येक महिना उपलब्ध गराएको अनुदान रकमको विवरण सो महिना समाप्त भएको सात दिनभित्र नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनु पर्नेछ।

७. **मूल कार्यविधिको अनुसूची १ मा संशोधनः**

क) मूल कार्यविधिको अनुसूची-१ को नामः निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशतको सट्टामा "निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरुको सूची" राखिएको छ।

ख) मूल कार्यविधिको अनुसूची-१ मा उल्लिखित "शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित देहायका औद्योगिक उत्पादनको कुल निर्यात मूल्यमा पाँच प्रतिशत नगद अनुदान प्रदान गरिनेछ" भन्ने व्यहोरा हटाइएको छ।

ग) मूल कार्यविधिको अनुसूची१ को क्र.सं. ९ र १० को सट्टा देहायको ९,र १०राखिएको छः-

९) प्रशोधित पिउने पानी/मिनरल वाटर

१०) प्रशोधित वेसार

घ) मूल कार्यविधिको अनुसूची -१ को क्र.सं. ११,१२,१३,१४र १५ का वस्तुहरुको कोष्ठ भित्र रहेको "(परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)" भन्ने वाक्यांश हटाइएकोछ।

८. **मूल कार्यविधिको अनुसूची २ मा संशोधनः**

क) मूल कार्यविधिको अनुसूची-२ को नामः निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशतको सट्टा "निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरुको सूची" राखिएको छ।

ख) मूल कार्यविधिको अनुसूची-२ मा उल्लेखित "देहाय बमोजिमका उत्पादनको कुल निर्यात मूल्यमा तीन प्रतिशत नगद अनुदान प्रदान गरिनेछ" भन्ने व्यहोरा हटाइएकोछ।

ग) मूल कार्यविधिको अनुसूची २ को खण्ड ११ पछि देहाय अनुसार खण्ड १२ थप गरिएकोछ:-

१२. जुत्ता चप्पल (फुटवेयर)



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्

९) <u>मूल कार्यविधिको असनुसूची ३ मा संशोधनः</u> मूल कार्यविधिको अनुसूची ३ को सट्टा देहायको अनुसूची ३ राखिएको छ :-

अनुसूची-३

(दफा ४ को उपदफा (२ र ३) सँग सम्बन्धित)

.......... उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृह

श्री उद्योग विभाग........................ ।

विषयः <u>स्व-घोषणाको विवरण।</u>

<u>खण्ड -क</u>

यस .......... उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृहबाट आर्थिक वर्ष ............को .........अवधिमा देहाय बमोजिमको विवरण अनुसारको वस्तुको निकासी गरेको व्यहोरा प्रमाणित गरिन्छः-

(क) निर्यातित वस्तुको नामः

(ख) हार्मोनिक कोडः

(ग) प्रशोधन गरिएको कच्चा वस्तुः

(घ) निर्यात भएको परिणाम र मूल्यः

(ङ) सत प्रतिशत स्वदेशी कच्चा पदार्थ उपयोग भए/नभएकोः

(च) वस्तुको मूल्य अभिवृद्धि प्रतिशतः

(छ) उत्पादनकर्ता / निर्यातकर्ताले प्रत्यक्ष रोजगारी दिइएको संख्याः

(झ) निर्यातित वस्तुको स्वदेश र विदेशमा संयुक्त ट्रेडमार्क दर्ता भए / नभएकोः

(ञ) निर्यातकर्ताको गत ३ (तीन) वर्षको निर्यात उपलब्धिको स्तर

| क.सं | आ.व.(क) | निर्यातको परिमाण(रु.लाखमा)(ख) |
|---|---|---|
| १ | आधार वर्ष .................. | |
| २ | | |
| ३ | | |

आधार वर्षको तुलनामा गत तीन आर्थिक वर्षको सरदर निर्यात वृद्धि ..............प्रतिशत

निर्यात कर्ताको अधिकृत व्यक्तिको दस्तखतः

नाम र थरः

दर्जाः

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

खण्ड- ख

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग विभाग

श्री.......................................बैंक

उपरोक्तानुसारको घोषणाबाट मूल्य अभिबृद्धि समेतको शर्त पुरा गरेको देखिएको व्यहोरा प्रमाणित गरिन्छ ।

प्रमाणित गर्ने अधिकृतको दस्तखत:

नाम र थर:

पद:

बोधार्थ:

श्री ........................................ निर्यातकर्ता ।

१०) <u>मूल कार्यविधिको अनुसूची ५ मा संशोधन:</u> मूल कार्यविधिको अनुसूची ५ को सट्टा देहाय अनुसारको अनुसूची ५ राखिएको छ :-

अनुसूची–५

(दफा ७ को उपदफा (१) सँग सम्वन्धित)

श्री नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
बालुवाटार, काठमाण्डौं ।

विषय: <u>अनुदान रकम शोधभर्ना बारे</u> ।

महाशय,

त्यस विभागको इजाजत प्राप्त परिपत्र संख्या ........मा भएको प्रक्रिया तथा कार्यविधि अनुरुप तपसिल बमोजिम निर्यात भएको व्यहोरा प्रमाणित गर्दै सो निर्यात बापत उपलब्ध गराइएको अनुदान बापत मिति ...........मा भुक्तानी दिएको जम्मा रु ......................(अक्षरेपी .............................................) को शोधभर्ना त्यस बैंकमा रहेको यस बैंकको खाता नं. ....................मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं। साथै, यस शोधभर्ना माग गरिएका कागजातहरुबाट यस अघि कुनै शोधभर्ना माग नगरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

| क्र.सं. | निर्यातकर्ता | | निर्यात भएको | | | निर्यात | | | भुक्तानी प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत नं (एक्जिम कोड नं) | नाम | परिमाण | वस्तु | देश | माध्यम | नम्बर | मूल्य (विदेशी मुद्रामा) | मिति | रकम वि.मु. | नेपाली रुपैंया | मूल्य(एफ.ओ.बि.) (विदेशी मुद्रामा) | विनिमय दर |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सोधभर्ना हुनुपर्ने जम्मा रकम रु.............................. अक्षरेपी........

संलग्न: निर्यात बापत परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणित बैंक स्टेटमेण्ट

निवेदक बैंकको नाम:
ठेगाना:
दस्तखत:
प्रबन्धको नाम:
मिति:

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं